# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल


## सेनिटरी प्याड खरिद सम्बन्धि सूचना ।

दोस्रो पटक प्रकाशित मिति: २०७८।०१।२२

यस परशुराम नगरपालिका अन्तरगतका सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क बितरणका लागि आवश्यक पर्ने सेनिटरी प्याड शिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकाले ईच्छुक फर्म/संस्था वा कम्पनी र व्यवसायीले शिलवन्दी बोलपत्र खरिदका लागि पुन सूचना प्रकासित गरिएको छ ।

तपशिल:

| क्र.स. | बोलपत्र न. | कामको बिबरण | ईस्टिमेट रकम रु (भ्याट सहित) | प्याडको संख्या | धरौटी रकम रु |
|---|---|---|---|---|---|
| १. | १/२०७७/०७८ | सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क वितरणका लागि सेनिटरी प्याड खरिद | रु २४,५०,०००।-(अक्षेरेपी चौबिस लाख पचास हजार मात्र) | ४९,०००।-( उन्नपचास हजार) पाकेट | रु ६१,२५०।-( एकसठ्ठी हजार दुई सय पचास मात्र) |

शर्तहरु:

1) सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र रु ३०००। (अक्षेरेपि तीन हजार मात्र ) फिर्ता नहुने गरि यस कार्यालयमा नगद बुझाएको नगदि रसिद वा नगरपालिकाको नेपाल बैक लि. जोगबुडा डडेल्धुरा शाखामा रहेको आन्तरिक राजश्व खाता नं. २४४०३००००१००१००००१ मा जम्मा गरेको बैक भौचर निबेदन साथ संलग्न राखि कार्यालय समय भित्र बोलपत्र दाता वा निजको आधिकारीक प्रतिनिधिले यस कार्यालयबाट बोलपत्र खरिद गर्न सकिने छ । खरिद भएका बोलपत्रहरु १६ औं दिन दिउसो १२ : ०० बजे भित्र परशुराम नगरपालिकाको कार्यालय जोगबुडामा दर्ता गर्नु पर्ने छ । बोलपत्र दर्ता गर्दा बोलपत्र दाताले प्राविधिक र आर्थिक प्रस्ताव गरी दुई वटा अलग अलग सिलबन्दी प्रस्ताव कार्यालयमा दर्ता गर्नुपर्ने छ । सिलबन्दी प्राविधिक प्रस्ताव भित्र बोलपत्रदाताले कार्यविधिको अनुसूचि १ (संसोधन सहित) बमोजिमको एक सेट सेनिटरी प्याड को पाकेट को नमूना (Sample) र स्पेशिफिकेशन (Specification) उल्लेख भएको ब्रोसर, प्याडको उत्पादन मिति, म्याद नाघ्ने मिति, MRP लगायतका विवरण उल्लेख भएको कागजात सहित अनिवार्य पेश गर्नुपर्नेछ । प्राविधिक प्रस्ताव भित्र अनिवार्य पेश गर्नुपर्ने माथि उल्लेखित विवरण पेश नगरेको बोलपत्रदाताहरूको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
2) बोलपत्र ( प्राविधिक र आर्थिक प्रस्तावहरु) १६ औं दिनको दिउसो २:०० बजे खोलिने हुदा सो समयमा बोलपत्र दाता वा निजले तोकेको प्रतिनिधि उपस्थित हुनु पर्ने छ । उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । सवभन्दा पहिले सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को अनुसूचि १ (संसोधन) मा उल्लेखित प्राविधिक स्पेशिफिकेशन (Technical Specification) र मापदण्डका आधारमा प्राविधिक मूल्याङ्कन हुनेछ । प्राविधिक मूल्याङ्कनबाट छनोट भएका बोलपत्रदाताको मात्र आर्थिक प्रस्ताव खोलिने तथा मूल्याङ्कन हुनेछ ।
3) बोपत्र खरिद गर्ने , दाखिला गर्ने वा खोलिने दिन बिदा परे सो को भोली पल्ट माथि उल्लेखित समयमा खरिद, दाखिला र खोलिने कार्यक्रम हुने छ ।
4) सेनिटरी प्याडको बोलपत्र खरिद वा दाखिला गर्दा ईच्छुक फर्म/संस्था वा कम्पनी र व्यवसायीले नेपाल सरकारबाट सेनिटरी प्याड बिक्रि वितरणका लागि प्राप्त ईजाजत प्रमाण पत्र, वा सम्बन्धित कम्पनिकोAuthorization Letter, कम्पनि दर्ता प्रमाण पत्र, PANदर्ता प्रमाण पत्र, आ व २०७६।०७७ को कर चुक्ता प्रमाण पत्र, खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको भन्ने स्वःघोषण-पत्र, सरकारी कार्यालयमा काम गरेको अनुभवको प्रमाण पत्र लगायत आवश्यक पमाण पत्रको प्रतिलिपि अनिवार्य संलग्न गर्नुपर्नेछ । साथै मेडिकल, औषधिजन्य सामग्री, सेनिटरी प्याड सप्लाइ गर्न पाउने इजाजतपत्रमा उल्लेख भएको कम्पनि वा फर्म ले मात्रै बोलपत्र खरिद वा दाखिला गर्न पाउने छ ।
5) दररेट अङ्क र अक्षर दुबैमा उल्लेख गर्नुपर्ने छ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईने छ ।
6) रित नपुगेको, म्याद नाघि वा शर्त राखि पेश भएको बोलपत्र उपर कुनै कारबाहि हुने छैन ।
7) प्रचलित ऐन नियमानुसार लाग्ने सम्पूर्ण कर सम्बन्धित फर्म/संस्था वा कम्पनी र व्यवसायी स्वयंले व्यहोर्नु पर्ने छ ।
8) नगरपालिकाको कार्यालय सम्मको ढुवानी सम्बन्धित फर्म/संस्था वा कम्पनी र व्यवसायी स्वयंले नै व्यहोर्नु पर्नेछ ।
9) कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंसिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा निहित हुने छ ।
10) यस सूचनामा उल्लेखित भएका कुराहरु यसै सूचना बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित ऐन नियमानुसार हुने छ ।
11) इच्छुक फर्म/संस्था वा कम्पनी र व्यवासायीले माथि उल्लेखित धरौटी रकम यस कार्यालयको नेपाल बैक लि.जोगबुडा, डडेल्धुरा शाखामा रहेको धरौटी खाता न. २४४०३००००३००००००००१ मा नगद जम्मा गरेको भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त वाणीज्य बैंकले जारी गरेको १२० दिन म्याद भएको बिड वण्डको सक्कल प्रति पेश गर्नुपर्नेछ ।
12) शिलबन्दि बोलपत्र सम्बन्धि बिस्तृत जानकारिका लागि यस कार्यालयको वेवसाईट parshurammun.gov.npमार्फत जानकारी लिन वा सम्पर्क न ०९६४११००४ मा सम्पर्क गर्न सकिने छ ।

२०७८।१।२२
तारानाथ पनेरु
प्रमुख प्रशासकीय अधिकृत

तारानाथ पनेरु
प्रमुख प्रशासकीय अधिकृत




Scanned with CamScanner